# महिला विरुद्धको घरेलु हिंसा

*(पुम्दी भुम्दी गाउँ विकास समिति, कास्कीको एक अध्ययन)*

**त्रिभुवन विश्वविद्यालय**

**पृथ्वीनारायण वहुमुखी क्याम्पस**

मा

समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको

आंशिक आवश्यकता परिपुर्तिको लागि


**माया कुमारी सुवेदी**

(रोल नं. ७३/२०६२)


को

**सोधपत्र**


**समाजशास्त्र, मानबशास्त्र तथा ग्रामीण बिकास बिभाग**

**पृथ्वीनारायण वहुमुखी क्याम्पस, पोखरा**


२०७०

## सिफारीस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पसबाट मानबशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधी प्राप्तिको आंशिक आवश्यकता पूर्तीका लागि माया कुमारी सुवेदी द्वारा “महिला विरुद्दको घरेलु हिंसा *(पुम्दी भुम्दी गाउँ विकास समिति, कास्कीको एक अध्ययन)*” विषयमा तयार पारिएको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मुल्यांकनको लागि सिफारिस गर्दछु ।

.......................................

प्रा. डा. विश्वकल्याण पराजुली

शोध निर्देशक

मिति :२०७०/१२/२१

## स्विकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण वहुमुखी क्याम्पसबाट मानबशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधी प्राप्तिकालागि माया कुमारी सुवेदी द्वारा तयार पारी प्रस्तुत गरिएको महिला विरुद्दको घरेलु हिंसा "*(पुम्दी भुम्दी गाउँ विकास समिति, कास्कीको एक अध्ययन)*" विषयक शोधपत्र मानबशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तिको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्यांकन समिति**

| | | |
|---|---|---|
| उप-प्रा. शान्ति भुषाल . | प्रा.डा. विश्व कल्याण पराजुली | सह-प्रा.ज्योति भट्टचन |
| विभागिय प्रमुख | आन्तरिक परीक्षक | वाह्य परीक्षक |

मिति :२०७०।१२।२१

# कृतज्ञता

यो सोधपत्र तयार गर्ने क्रममा मलाई सहयोग गर्ने धेरै व्यक्ति र संस्थाहरु प्रति म आभारी छु । सर्वप्रथम यो सोधपत्र तयार गर्ने क्रममा मात्रै नभई मेरो समष्टिगत अध्ययनको क्रममा समेत आफ्नो व्यस्त समयका बावजुद पनि अमुल्य समय उपलब्ध गराएर सल्लाह र निर्देशन गर्नु हुने पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा, समाजशास्त्र, मानबशास्त्र तथा ग्रामिण बिकास विभागका आदरणीय गुरु प्राध्यापक डा. विश्वकल्याण पराजुली प्रति हार्दिक कुतज्ञता व्यक्त गर्दछु । उहाँको सहयोग बिना यो अध्ययन प्राय: असम्भब नै थियो । त्यस्तैगरी यो सोधपत्रको कार्य सम्पन्न गर्न अमुल्य सुझाब र सहयोग उपलब्ध गराउने समाजशास्त्र, मानवशास्त्र, तथा ग्रामिण बिकास विभागका प्रमुख शान्ति भुषाल, बाह्‍य परीक्षक ज्योति भट्टचन र सोहि विभागका महेश पनेरुलाई पनि हार्दिक धन्यवाद दिन चाहान्छु ।

यो अध्ययनको लागि तथ्यांक संकलन गर्ने कार्यमा सहयोग गर्ने पुम्दी भुम्दी गा.बि.स. वडा नं. ५ का उत्तरदाता महिलाहरु धन्यबादका पात्र हुनुनुन्छ । मलाई उच्च शिक्षा अध्ययनको लागि यस खुड्किलो सम्म पु-याउने मेरा बुबा, आमा प्रति हार्दिक आभार व्यक्त गर्दछु । विविध समस्याहरु संग जुद्धै मलाई यस स्तरसम्म पढ्न र यो शोधपत्र तयार गर्न हरपल सहयोग पु-याउने मेरा पति अणनाथ बराल र  मेरा अध्ययनको क्रममा मलाई हासि हासी उत्साहित पार्ने मेरा मुटुका टुक्राहरु छोरी आयुष्मा र छोरो आयुष प्रति हृदय देखि नै आभारी छु ।

माया कुमारी सुवेदी

# सारांश

महिलामाथि हुने शारीरिक र मानसिक मात्र नभई सामाजिक, आथिक, धार्मीक वा कानुनी जुनसुकै रुपका प्रत्यक्ष वा अप्रत्यक्ष यातनालाई महिला विरुद्दको हिंसा मान्नुपर्छ । देशका अन्य स्थानहरुका जस्तै नेपालको बिकसित मध्यको सहर मानिने पोखराको छेवैमा रहेको पुम्दी भुम्दी गाउँ बिकास समिति (गा.बि.स.) का महिलाहरु पनि यस्ता हिंसाहरुबाट प्रताडित छन् । त्यसैले यो अनुसन्धानमा उक्त गा. बि. स. को वडा नं. ५ का महिलाहरुको सामाजिक तथा आर्थीक अबस्था र उनीहरु माथि हुने गरेका हिंसाहरुको अध्ययन गरिएको छ ।

यस अनुसन्धानमा महिलाहरु माथि हुने हिंसाहरुको अध्ययन गरिएको छ । अन्तरर्बार्ताको माध्यम द्वारा स्थानीय हिँसा पिडित महिलाहरुको आर्थीक, सामाजिक र शैक्षिक अबस्था, महिला विरुद्द हुने घरेलु हिंसाका प्रकारहरु, त्यसका कारणहरु, असरहरु, हिंसाहरु रोकथाम प्रतिको मान्छेहरुको धारणा लगायतका बिषयहरु बारे प्रष्ट पारिएको छ । अन्त्यमा यस अध्ययनको उपयोगिता र यस प्रकारका हिंसाहरु रोक्न चाल्नुपर्ने कदमहरु समेत सुझाब दिइएको छ ।

यस अध्ययनका लागि वर्णनात्मक अनुसन्धान ढाँचा अवलम्वन गरिएको छ । आवश्यक तथ्यांक प्राथमिक र द्वित्तिय दुवै श्रोत बाट संकलन गरिएको छ । समग्रबाट पूर्व जानकारीको आधारमा सम्भावित हिँसा पिडित महिलाहरु बढी भएको टोललाई उद्देश्यपूर्ण नमुना छनोट को बिधि द्वारा छनौट गरि अर्ध-संरचित प्रश्नावली प्रयोग गरि अन्तर्वार्ता लिएर प्राथमिक तथ्यांक संकलन गरिएको थियो । अध्ययनसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, प्रकाशित लेख, रचना, प्रतिवेदन, विद्वानहरुको भनाइ, कानूनी प्रावधान आदिबारे समीक्षा गरिएको छ । प्रस्तुत अध्ययनमा समय, अर्थको सीमा जस्ता कारणले गर्दा सीमित क्षेत्रभित्र पनि सबै महिलाहरुलाई समेट्न सकिएको छैन ।

छनोटमा परेका महिलामा लिङ्ग र उमेर अनुसार अध्ययन गर्दा ३१ देखि ४० वर्ष उमेर समुहका महिलाहरु कम र २१ देखि ३० वर्ष उमेर समूहका महिलाहरु बढी हिंसा पीडित भएको पाइयो । उत्तरदाता महिलाहरु मध्य एकात्मक परिवारमा बस्दै आएका ४०% र संयुक्त परिवारका ६०% थिए । एकात्मक परिवारमा श्रीमानले जाँड रक्सी सेवन गरी विभिन्न प्रकारले गालीगलौज गरी श्रीमतीलाई मानसिक तथा शारीरिक पीडा दिने जस्ता घरेलु हिंसा बढी भएको देखियो । संयुक्त परिवारमा बस्ने महिलामाथि घरका सदस्यहरु श्रीमान् लगाएत सासु, नन्द, आमाज्यू, देवर आदीले दाइजो नल्याएको, नपढेको, विधवा भएको, छोरा नजन्माएको जस्ता कारणहरु देखाएर शारीरिक तथा मानसिक हिंसा गर्ने गरेको पाइयो । अध्ययन गरिएका मध्ये ५०% विवाहित, ४०% अविवाहित र १०% विधवा महिला थिए ि यिनमा ६०% बाहुन, १०% क्षेत्री र ३०% दलित (दमाई, कामी) जातिका थिए । सरकारी तथा निजी क्षेत्रमा जागिर खाएका महिला १०% , दैनिक गुजारा चलाउनको लागि सामान्य व्यापार गर्दै आएका

महिला १६.६६%, गृहिणीहरु ४०%, सीपमूलक तालिम लिई दैनिक गुजारा चलाएका २३.३३% र अन्य ६% महिला छनौटमा परेका थिए ।

आफ्नो लोग्नेबाट कुटपीट, गालीगलौज जस्ता मानसिक तथा शारीरिक यातना पाउने महिलाको संख्या ६०%, सासु, नन्द, आमाज्यू जस्ता परिवारको सदस्यबाट पीडित महिलाको संख्या २०% , देवर जेठाज्यूबाट धम्कीको पीडा भोगेका महिलाको संख्या ३.३३%, आफ्नै बाबुबाट पीडित भएका छोरीको संख्या ३.३३% र समाजबाट पीडित महिलाको संख्या १३.३३% पाइयो ।

महिलाको जीवनचक्र अनुसार वाल्यावस्था, किशोरावस्था, युवावस्था तथा गर्भावस्थामा भोगेका भिन्न-भिन्न हिंसालाई समेत अध्ययन गरीएको थियो । यस अध्ययनमा कुटपिटबाट ४१.६७%, गाली गलौजबाट ५०%, गर्भपतनबाट १०% तथा बलात्कारबाट ३.३३% महिला हिंसा पीडित भएको देखियो । श्रीमानको यातनाबाट पिडित महिलाहरु ४०% थिए भने बहुविवाहबाट पीडित महिलाको संख्या १०% थियो । गरिबीका कारण श्रीमानबाट हिंसा पीडित बन्नुपरेको महिलाको संख्या २०% र आफू अशिक्षित भएका कारण हिंसापीडित हुनुपरेको बताउने महिलाको संख्या १६.६७% रहेका थियो ।

आफ्नो आय आर्जनको बाटो नभएर हिंसा सहनु परेका २०%, बच्चाहरुको भविष्य सोचेर हिंसा सहेर बसेका २३.३३%, अशिक्षित भएर हिंसा सहेका २०% , लोग्नेलाई देवता मान्नुपर्ने परम्पराले गर्दा हिँसा सहेका १०%, घर तथा समाजको डरले हिंसा सहेर बसेका महिलाको संख्या १६.६७% पाईयो । पिडकको बानीमा पनि केही परिवर्तन आउने आशामा हिंसा सहेर बसेको बताउने महिला १०% थिए ।

महिलाहरुले हिँसा सहेर बस्नुका प्रमुख कारणहरुमा चेतनाको अभाव, प्रभावकारी उपचार पाइन्छ भन्ने विश्वासको अभाव, पितृसत्तातमक सामाजिक संरचना, सरल र सुलभ रुपमा उपचार प्राप्त नहुने अवस्था, आत्मबलको कमी, शिक्षाको कमी आदि पाइयो । कुटपीटका कारण अङगभङग भएका वा चोपटक लागेका महिला ३०% पाइयो भने ३.३३% बलात्कार, ६.६७% गर्भपतन, १०% ले ज्यान मार्ने धम्की र ५०% महिलाहरु गाली गलौजका कारण मानसिक पीडा भोग्न बाध्य रहेको यस अध्ययन मा पाइयो । महिला विरुद्धको हिंसालाई कम गर्न वा रोक्नका लागि महिला शिक्षामा जोड दिनु पर्ने, जनचेतना जगाउनु पर्ने, समाजमा विद्यामान रुढीवादी धारणा तथा अन्धविश्वास चिर्नुपर्ने, आयआर्जनको बाटो खोलिदिनु पर्ने, हिंसाको प्रकृति र मात्रा अनुसार सजाय र क्षतिपूतिर्को व्यवस्था गर्नु पर्ने जस्ता धारणाहरु प्रकट भए । तर ४०% महिलालाई महिला विरुद्धको हिंसा सम्बन्धमा भएको कानुनी व्यवस्था सम्बन्धमा जानकारी कुनै नभएको देखियो ।

यस अध्ययनबाट महिलाहरु आर्थीक, सामाजिक र शैक्षिक रुपमा अत्यन्त पिछडिएका, उनीहरुले गर्भावस्था देखि प्रौढावस्था सम्म निरन्तर रुपमा मुलत : आफ्नै घर परिवारबाट र त्यसमा पनि लोग्नेबाट

हिंसाबाट पिडित हुनु परेको जस्ता अबस्थाहरु देखिन्छन् । यी समस्याहरु न्यूनीकरण वा नियन्त्रण गर्न पुम्दी भुम्दी गा.बि.स. स्तरमा महिला हिँसा घटाउने वा नियन्त्रण गर्ने सम्बनधि नीति नियम तर्जुमा गर्न, त्यस सम्बनधि कार्यक्रमहरु तय गर्न र ति नीति र कार्यक्रमहरु लाई व्यवहारमा प्रयोग गर्न यो अध्ययन लाभदायिक हुने आशा गर्न सकिन्छ । घरेलु महिला हिँसा रोकथाम गर्न पुम्दी भुम्दी गा.बि.स. ले स्थानीय स्तरमा सम्बनधित सबै निकायहरुको समन्वय र सहयोगमा कार्य योजना बनाएर एकीकृत रुपमा लागु गर्न, गराउन र यसको लागि आबस्यक श्रोत साधनको व्यवस्था गर्न सुझाब दिईन्छ ।

**मुख्य शब्दहरु : बाल्यावस्था, युवावस्था, गर्भावस्था, प्रौढावस्था, कुटपिट, बलात्कार, घरेलु, महिला हिँसा, पुम्दी  भुम्दी, गाउँ बिकास समिति, जिल्ला, कास्की, नेपाल ।**

## बिषय सुची


| शिर्षक | पेज नं. |
| --- | --- |
| **सिफारिस पत्र** | **II** |
| **स्वीकृति पत्र** | **III** |
| **सारांश** | **IV** |
| **कृतज्ञता** | **VII** |
| **बिषय सुची** | **VIII** |
| **अध्याय-एक : परिचय** | **१** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | २ |
| १.४ अध्ययनको महत्व | २ |
| १.५ संगठनात्मक ढांचा | ३ |
| **अध्याय-दुई : साहित्यको पुनरावलोकन** | **४** |
| २.१ महिला हिँसा | ४ |
| २.२ घरेलु महिला हिँसा | ४ |
| २.३ शास्त्रमा महिला हिंसाको रुप | ५ |
| २.४ महिला हिंसा : बिश्वको अबस्था | ६ |
| २.५ महिला हिँसा : हिजो र आज | ७ |
| २.६ महिला बिरुद्दको हिंसाको जिबन चक्र | ८ |
| २.७ संचार माध्यममा महिला हिंसा | ९ |
| २.८ नेपालमा महिला हिँसा | ११ |
| २.९ घरेलु महिला हिंसाको प्रकृति | १४ |
| २.१० घरेलु हिंसालाई प्रभाव पार्ने तत्वहरु | १४ |
| २.११ घरेलु हिंसाका प्रकारहरु | १५ |
| **अध्याय-तिन : अध्ययन क्षेत्र** | **१९** |
| ३.१ कास्की जिल्लाको संक्षिप्त परिचय | १६ |
| ३.२ पुम्दी भुम्दी गाउँ विकास समितिको परिचय | १७ |

**अध्याय-चार : अनुसन्धान पद्दती** **१८**
४.१ पृष्ठभूमि १८
४.२ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य १८
४.३ अनुसन्धान ढाँचा १८
४.४ अध्ययनको समग्रता र नमुना छनोट १८
४.५ तथ्यहरुको श्रोत तथा प्रकृति १९
४.६ तथ्याङक संकलन विधिहरु १९
४.६.१ प्राथमिक श्रोत १९
४.६.१.१ अन्तर्वार्ता १९
४.६.१.२ अवलोकन १९
४.६.१.३ प्रमुख जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता २०
४.६.२ द्वित्तीय श्रोत २०
४.६.३ तथ्याङक विश्लेषण र प्रस्तुतीकरण २०
४.६ अध्ययनको सीमा २०
**अध्याय-पाँच : अध्ययनको परिणाम र छलफल**
५.१ पृष्ठभूमि २१
५.२ उमेर अनुसार महिलाहरुको विवरण २१
५.२.१ महिलाको परिवारको प्रकार २१
५.२.२ महिलाहरुको बैबाहिक विवरण २२
५.२.३ महिलाहरुको जातिगत विवरण २३
५.२.४ महिलाहरुको शैक्षिक अवस्था २३
५.२.५ महिलाको आर्थिक अवस्था २४
५.२.६ महिलाको धर्मको विवरण २४
५.३ महिलाहरुले भोगेका हिंसाका प्रकार, कारण, असर र धारणाहरु २५
५.३.१ महिला विरुद्दको हिंसा २५
५.३.२ महिलामाथिको उमेरक्रम अनुसारको हिंसा २७
५.३.३. हिंसाका प्रकारहरु २९
५.३.४ महिलामाथिको हिंसा हुनाका कारणहरु ३०
५.३.५ महिलाहरुले हिंसा सहनुका कारणहरु ३१

५.३.६ हिंसाबाट पर्न गएका असरहरु ३३
५.३.७ महिला विरुद्दको हिंसा रोकथाम बारेको धारणा ३४
५.३.८ कानुनी व्यवस्था तथा सम्बनधित संघ संस्था बारेको जानकारी ३५

**अध्याय-छ : निष्कर्ष, व्यवहारिक प्रयोग र सुझावहरु ३६**
६.१ निष्कर्ष ३६
६.२ अध्ययनको प्रयोग ३८
६.३ सुझावहरु ३८

**सन्दर्भसामाग्रीहरु ४०**

**परिशिष्ट १: प्रश्नावलीहरु ४२**

## तालिका सुची

तालिका नं. १ : अध्ययन गरिएका महिलाहरुको उमेर अनुसारको विवरण २१
तालिका नं. २ : महिलाहरुको परिवारका प्रकार २२
तालिका नं. ३ : उत्तरदाता महिलाहरुको बैबाहिक विवरण २२
तालिका नं. ४ : महिलाको जातिगत विवरण २३
तालिका नं. ५ : महिलाको शैक्षिक विवरण २३
तालिका नं. ६ : पेशाको आधारमा महिलाको विवरण २४
तालिका नं. ७ : महिला माथिको हिंसाका कर्ता र प्रकार २६
तालिका नं ८ : वाल्यावस्थामा भोगेका हिंसाको प्रकार २७
तालिका नं. ९ : किशोरावस्थामा भोगेका हिंसाका प्रकारहरु २८
तालिका नं. १० : युवावस्थामा भोगेका हिंसाका प्रकारहरु २९
तालिका नं. ११ : गर्भावस्थामा भोगेका हिंसाका प्रकारहरु २९
तालिका नं. १२ : महिलामाथिको हिंसाको प्रकार ३०
तालिका नं. १३ : महिलामाथिको हिंसाका कारणहरु ३१
तालिका नं. १४ : महिलाले हिंसा सहनुका कारणहरु ३२
तालिका नं. १५ : महिलामाथि हिंसाबाट पर्न गएका असरहरु ३३

तालिका नं. १६ : महिलामा कानुनी व्यवस्था सम्बन्धी जानकारी ३५